मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

प्रदेश नं. ३, नेपाल

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

प.सं. : २०७६/०७७

च.नं. : २२२९

मिति :- २०७६/१२/०७

विषय :- जग्गाको न्यूनतम मूल्याङ्कन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै (मेलम्ची नगरपालिका कार्यालय)
सिन्धुपाल्चोक ।

उपर्यूक्त सम्बन्धमा मालपोत कार्यालय, सिन्धुपाल्चोकको मिति २०७६/११/१९, च.नं. ३०२४ को पत्रको छाँया प्रति यसै पत्र साथ संलग्न राखी पठाईएको छ । व्यहोरा पत्रबाट अवगत गर्नु भई यस पत्रका मितिले ७ दिन भित्र यस कार्यालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछु ।

(कुमार प्रसाद कोइराला)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :-**

१. सूचना तथा प्रविधि शाखा :- वेवसाईटमा र सम्पूर्ण वडा कार्यालयलाई ई-मेल गरिदिनु हुन ।

फोन नं. : [illegible] वेबसाईट : www.melamchimun.gov.np, ई-मेल : dms.melamchimun@gmail.com

फोन नं. : ०११-६२०१२०
☏: ०११-६२०४७४

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

सिन्धुपाल्चोक, चौतारा

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या : ०७६।७७
चलानी नं: ३०२४

मितिः २०७६।११।१९

श्री मेलम्ची गा.पा./न.पा.,
मेलम्ची, सिन्धुपाल्चोक ।

मेलम्ची नगरपालिका
दर्ता नं.: २२४६
मिति: २०७६।१२।५

विषयः जग्गाको न्यूनतम मूल्याङ्कन सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयबाट घर/जग्गाको कारोवारको लिखत रजिष्ट्रेशन पारित गर्दा प्रदेश आर्थिक ऐन अनुसार रजिष्ट्रेसन दस्तुर असुली गरिँदै आएको छ । दस्तुर असुली गर्दा स्थानीय तहको घर/बाटोको किटानी सिफारिसका आधारमा मूल्याङ्कन भिडाइ राजश्व असुल गर्ने गरिएको छ । असुल भएको राजश्व रकमको २ % ले हुने रकम मालपोत/भूमिसुधार नापी कार्यालयहरुको संस्थागत सुदृढीकरण, भवन मर्मत/श्रेष्ता व्यवस्थापन जस्ता कार्यमा खर्च गर्ने गरी कट्टा गरी बाँकी ९८% लाई १००% मानी त्यस्को ४०% रकम प्रदेश संचित कोषमा र ६०% रकम सम्बन्धित स्थानीय तहहरुको संचित कोषमा जम्मा हुने प्रदेश आर्थिक ऐन, २०७६, बाग्मती प्रदेशको कानुनी व्यवस्थामा रहेको छ । लिखत पारित दर्ता रजिष्ट्रेशन दस्तुर असुलीका लागि घरजग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण गर्ने कार्यको लागि मालपोत ऐन,२०३४ को दफा ८ को उपदफा २ अनुसार श्रीमान प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा न्यूनतम मूल्याङ्कन निर्धारण समिति गठन गरेको छ । उक्त समितिले चालु आ.व.मानै आगामी आ.व.को लागि जग्गा रजिष्ट्रेशनमा पारित प्रयोजनार्थ न्यूनतम मूल्याङ्कन निर्धारण गरिसक्नु पर्ने छ । आगामी आ.व.०७७/७८ का लागि रजिष्ट्रेशन प्रयोजनार्थ मौजुदा जग्गाको मूल्याङ्कनमा के कस्तो सुधार गर्न सकिन्छ भन्ने सम्बन्धमा आ-आफ्ना स्थानीय तहको बैठकमा छलफल गरी निस्कीएका सुझावहरु २०७६ चैत्र २५ गते भित्र यस कार्यालयमा आइपुग्ने गरी पठाइदिनु हुन सादर अनुरोध छ । छलफल तथा अध्ययन प्रयोजनार्थ यस आ.व.०७६/७७ को न्यूनतम मूल्याङ्कनमा पुस्तिका १ यसै साथ पठाइएको छ । आ-आफ्ना स्थानीय तहमा छलफल गर्दा निम्न पक्षहरुलाई मनन गरिदिन हुन समेत अनुरोध छ ।

निम्नः

१. उब्जनी र चलन चल्तीको मूल्य,

२. साबिक मूल्याङ्कन नेपाल सरकारको सहमति बेगर घटाउन नपाइने कानुनी व्यवस्था रहेकोमा न.पा.क्षेत्रका बतासे, स्याउले, सिन्धुकोट, ज्यामिरे, तालामाराङ, हैबुङ, घोर्थली, कर्थली, मानेश्वारा जस्ता गा.वि.स.हरुका कच्ची मोटरबाटो र गोरेटो बाटोले छोएका घडेरी प्रयोजनमा आउने जग्गाहरुको न्यूनतम मूल्याङ्कन बढी भएको भन्ने जन गुनासो उठ्ने गरेकोले सो गुनासो सम्वोधन गर्न पुनः मूल्याङ्कन गर्न समयमा नै स्थानीय तहहरुलाई जानकारी दिई तिनका सुझाव अनुसार मूल्याङ्कन घटाउन पर्ने भए समयमानै नेपाल सरकारलाई अनुरोध गरी पठाउने भन्ने राय सुझाव गत वर्षको समितिको बैठकमा आएको ।

३. सम्बन्धित स्थानीय तह अन्तर्गतका सडकहरुको नाम र तिनले छुने साबिक गा.वि.स.का वडाहरु खुलाई बर्गिकरण गरिदिनु हुन, तथा

४. जनताको आर्थिक अवस्था, स्थानीय तहको आम्दानीको पक्ष र सिफारिस गर्दा गलत व्यहोरा सिफारिस हुन गई जनप्रतिनिधिहरुमा पर्न सक्ने अप्ठ्यारोलाई समेत मनन गरी सुझाव पठाइदिनु हुन सादर अनुरोध छ ।

.................
(टंक प्रसाद उपाध्याय)
प्रमुख मालपोत अधिकृत